**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ३१ मई २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- प्रधानमंत्री नरेंद्र मोदीले भन्नुभएको छ- सरकारले देशको धरोहर स्थलहरुको संरक्षणका लागि हर संभव प्रयास गरिरहेको छ। आकाशवाणीको मन की बात कार्यक्रममा प्रधानमंत्रीले मानिसहरुलाई गर्मीको मौसममा सुरक्षित रहन आग्रह गर्नुभयो। उहाँले परम्परागत भारतीय सफ्ट ड्रिंकको प्रशंसा गर्नुभयो र स्वदेशी आँपका प्रजातिहरूलाई विश्व बजारमा पुऱ्याएकोमा किसानहरूको सराहना गर्नुभएको छ।
- पश्चिम बंगालका राज्यपाल आर. एन. रविले पत्रकारहरूले  निष्पक्ष र सत्यनिष्ठ रहनुपर्ने र समाजको वास्तविक स्वरूपलाई उजागर गर्नुपर्ने बताउनु भएको छ।
- दार्जिलिङ पहाड क्षेत्रमा सञ्चालन भइरहेको अम्रुत 2.0 परियोजनामा अनियमितता भएको आशंका पछि सम्बन्धित सबै एजेन्सीहरूको जाँच गरिने छ।
- दार्जिलिङका अतिरिक्त जिल्ला मजिस्ट्रेटले भोलि  दार्जिलिङ र कालिम्पोङ जिल्लाहरूमा पर्यटनसँग सम्बन्धित मुद्दाहरू छलफल गर्न अधिकारीहरूको उच्चस्तरीय बैठक बोलाउनु भएको छ।
- पश्चिम बंगालमा, दक्षिण 24 परगना जिल्लाको सोनारपुरमा तृणमूल कांग्रेसका सांसद अभिषेक बनर्जीमाथि हमला गरेको आरोपमा छ जनालाई पक्राउ गरिएको छ।

**मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ सरकार देशको अमूल्य धरोहरहरुको संरक्षणका लागि प्रयासरत छ। आकाशवाणीको बात मन की बात कार्यक्रममा उहाँले ज्ञान भारतम अभियान अन्तर्गत छत्तीसगढको मल्हारमा छैठौं देखि सातौं शताब्दीका पाण्डु वंशका महर्षि बलार्जुनसित सम्बन्धित तीन दुर्लभ तामाका पट्टिकाहरू भेट्टाईको खुलासा गर्नुभयो। प्रधानमन्त्रीले नीदरलैंड्स सरकारले हालै भारतलाई चोलकालीन ताम्र पट्टिकाहरू फिर्ता गरेको बताउनुभयो, यसले गर्दा विश्वभरिका तमिल समुदायमा विशेष उत्साह देखिएकोएको छ। श्री मोदीले भन्नुभयो यी पट्टिकाहरूले चोल साम्राज्यको समुद्री शक्ति र दक्षिण-पूर्व एसियाली देशहरूका साथ यसको सम्बन्धलाई दर्शाउँदछ।

***बाइट ताम्र पट्टिका***

श्री मोदीले देशवासीहरूलाई हालको भीषण गर्मीको समयमा अत्यधिक सावधानी अपनाउन र सरकारी दिशानिर्देशहरूको पालन गर्न अपील गर्नुभएको छ। प्रधानमन्त्रीले  काशीको लंगड़ा, आँप, महाराष्ट्रको अल्फाजो आँप, गुजरातको केसर र पश्चिम बंगालको हिमसागर आँपको चर्चा गर्दै भन्नुभयो हरेक क्षेत्रको आँपको स्वाद अनौठो हुन्छ र यसको सुगन्ध विशेष हुन्छ। श्री मोदीले भारतीय आँपले विश्व बजारमा पहुंच बनाएको छ हाम्रो आँप कृषि अर्थव्यवस्थाको लागि धैरै महत्त्वपूर्ण छ।

***बाइट आम किसान***

प्रधानमन्त्रीले राँचीमा आयोजित राष्ट्रिय वरिष्ठ एथलेटिक्स महासंघ प्रतियोगितामा गुरिंदर वीर सिंह, विशाल टी.के.ए तेजस्विन शंकर, देव मीना र कुलदीप कुमारलाई चार राष्ट्रिय रिकॉर्ड तोडेकोमा बधाई दिनुभयो। श्री मोदीले १०० मीटर दौड़मा रिकॉर्ड तोड्ने गुरिंदर वीर सिंह र अनिमेष कुजूरसित कुराकानी गर्नुभयो। श्री मोदीले भन्नुभयो खगोल विज्ञानले देशको हरेक पुस्तामा जिज्ञासा जगाएको छ। उहाँले थप भन्नुभयो खगोल विज्ञान देशमा बढ्दो रूपमा लोकप्रिय हुँदै गइरहेको छ। श्री मोदीले युवाहरूलाई आफ्नो छुट्टिको समयमा खगोल विज्ञान क्लबहरूमा सामेल हुन र तारामंडल हेर्न आग्रह गर्नुभयो।

**सिलगढी देवर्षि नारद जयन्ती**

विश्व संवाद केन्द्र उत्तर बंगालको पहलमा आज सिलगढीको दीनबन्धु मञ्चमा देवर्षि नारद जयन्ती मनाईयो। कार्यक्रमको मुख्य उद्देश्य पत्रकारिताको मूल्यए समाजमा मिडियाको भूमिका र सूचना प्रसारणको जिम्मेवारीलाई उजागर गर्नु रहेको थियो। कार्यक्रममा पश्चिम बंगालका राज्यपाल आर.एन. रवि मुख्य अतिथिको रूपमा उपस्थित हुनुहुन्थ्यो। आफ्नो सम्बोधनमा उहाँले लोकतन्त्रमा पत्रकारिताको महत्वपूर्ण भूमिकामाथि प्रकाश पार्दै पत्रकारहरूले निष्पक्ष र सत्यनिष्ठ रहनुपर्ने र समाजको वास्तविक स्वरूपलाई उजागर गर्नुपर्ने बताउनुभयो।उहाँले जिम्मेवार पत्रकारिताको आवश्यकतामा विशेष जोड दिनुभयो।यस कार्यक्रममा उत्तर बंगालका विभिन्न जिल्लाका पत्रकारहरूको ठूलो संख्यामा सहभागिता थियो। कार्यक्रमका मुख्य आकर्षण रहा वरिष्ठ पत्रकारों को सम्मानित करना। कार्यक्रमको मुख्य आकर्षण वरिष्ठ पत्रकारहरूको सम्मान गर्नु थियो। लामो समयदेखि पत्रकारिता क्षेत्रमा सक्रिय रहेका र समाजका महत्वपूर्ण मुद्दाहरूलाई उजागर गर्ने पत्रकारहरूलाई देवृषि नारद सार्थक जीवन सम्मान २०२६ ले सम्मानित गरिएको छ।

देवर्षी नारद सम्मानले सिक्किमका वरिष्ठ पत्रकार विजय बान्तवालाई नेपाली भाषामा उत्कृष्ट पत्रकारिता गरे वापत अनि कुचबिहारका बंगला भाषाका पत्रकार सुमन कल्याण भट, रायगंजका राधामाधव शाहलाई अंग्रेजी पत्रकारिता अनि सिलगढ़ीका राजीव कुमार झालाई हिन्दी पत्रकारिताको क्षेत्रमा उत्कृष्ट काम गरे वापत सम्मानित गरियो। राज्यपालको बाहुलीबाट सम्मान पत्र, शाल, ट्रफी तथा नगद राशीद्वारा यी पत्रकारहरूलाई सम्मानित गरियो। डुवर्सका सामाजिक संजाल भ्लगर र इन्फ्लुन्सर टुम्पा सूत्रधारलाई नि सम्मानित गरियो। साचो, सत्य तथ्यका साथ देशहितमा वर्षौदेखि पत्रकारिताको क्षेत्रमा उल्लेखनीय योगदान गरेकोमा यो सम्मान विश्व संवाद केन्द्रले प्रदान गरेको हो।

**पश्चिम बंगाल राज्यपाल**

पश्चिम बंगालका राज्यपाल आर.एन रविले भन्नुभएको छ भारत बंगलादेशको खुल्ला सीमा राष्ट्रिय सुरक्षाको लागि खतरा हो। उहाँले पूर्वोत्तरलाई देशको शेष भागसित जोड्ने चिकन नेक करिडोरलाई बलियो बनाउन बारे जोर दिनु भएको छ।

*उहाँले भन्नुभयो पर्याप्त बार न लगाएकोले भारत बंगलादेश सीमाको एक संवेदनशील भाग असुरक्षित छ। श्री रविले भन्नुभयो यस क्षेत्रमा जनसांख्यिकी परिवर्तनका कारण चिकेन नेक करिडोर पनि असुरक्षित भएको छ।राज्यपालले भन्नुभयो पश्चिम बंगालमा भारत बंगलादेश सीमाको लगभग ३०० किलोमिटर बार लगाउन सकिएन किनभने विगतको तृणमूल कांग्रेस सरकारले उच्च न्यायालयको आदेशको बाबजुद पनि केन्द्र सरकारलाई ज़मीन हस्तान्तरण गरेको थिएन। राज्यपालले भन्नुभयो अन्तर्राष्ट्रिय सीमाहरूको सुरक्षा केन्द्र सरकारको जिम्मेवारी हो र यसको लागि धन अघिबाटै जारी गरिएको छ। श्री रविले भन्नुभयो चिकेन नेक करिडोरमा रहेका बिहारका जिल्लाहरूमा जनसांख्यिकीय परिवर्तनले सुरक्षा संबंधी चिन्ता बढाएको छ। उहाँले भन्नुभयो करिडोरमा कुनै पनि अवरोधले पूर्वोत्तर र देशको बाँकी भाग बीचको सम्पर्कमा बाधा पुर्‍याउन सक्छ। राज्यपालले भन्नुभयो केन्द्र सरकारले कुनै पनि अप्रिय घटना रोक्नका लागि क्षेत्रमा पर्याप्त सुरक्षा बल तैनाथ गरेको छ।*

**पर्यटन सम्बन्धी उच्चस्तरीय बैठक**

दार्जिलिङका अतिरिक्त जिल्ला मजिस्ट्रेटले भोलि दार्जिलिङ र कालिम्पोङ जिल्लाहरूमा पर्यटनसँग सम्बन्धित मुद्दाहरू छलफल गर्न अधिकारीहरूको उच्चस्तरीय बैठक बोलाउनु भएको छ। जिमखाना क्लब माथि रहेको दार्जिलिङ पर्यटन विभागको एक सम्मेलन हलमा आयोजना हुने तय भएको बैठकको अध्यक्षता पश्चिम बंगाल सरकारको पर्यटन विभागका अतिरिक्त मुख्य सचिवले गर्नु हुनेछ।

**अम्रुत २.०**

दार्जिलिङ पहाड क्षेत्रमा सञ्चालन भइरहेको अम्रुत २.० परियोजनामा अनियमितता भएको आशंका पछि सम्बन्धित सबै एजेन्सीहरूको जाच गरिने छ।

*सुत्रहरु अनुसार अम्रुत २.० योजना अन्तर्गत दार्जिलिङ जिल्लाका लागि लगभग एक हजार पाँच सय तीन करोड ६७ लाख रुपियाँ स्वीकृत गरिएको थियो। यस योजना अन्तर्गत खरसांग नगरपालिकालाई दुई सय १० करोड ८० लाख रुपियाँ, मिरिक नगरपालिकालाई अतिरिक्त बजेटका साथ २०६ करोड रुपियाँ, दार्जिलिङ नगरपालिकालाई दुई सय ६८ करोड ६० लाख रुपियाँ तथा कालेबुङ नगरपालिकालाई एक सय ६७ करोड ६७ लाख रुपियाँ आबंटन गरिएको थियो। यी रकमहरू मुख्य रूपमा पिउने पानी आपूर्ति, पर्यावरण संरक्षण तथा शहरी विकास सम्बन्धी परियोजनाहरूका लागि प्रदान गरिएको बताइएको छ। यसअघि पनि अम्रुत १.० अन्तर्गत विभिन्न योजनाहरूका लागि रकम छुट्याइएको थियो। यसैबीच पश्चिम बंगालका मुख्यमन्त्री सुवेन्दु अधिकारीले जीटीए क्षेत्रमा सञ्चालन भएका अम्रुत परियोजनाको कार्यान्वियनबारे जाँच गर्न विशेष जाँच दल गठन गर्ने निर्देश दिनुभएको छ। उक्त विशेष जाँच दललाई सात दिनभित्र आफ्नो रिपोर्ट पेश गर्न निर्देश दिइएको छ। जाँच पूरा नभएसम्म अम्रुत सम्बन्धी काममा संलग्न सबै एजेन्सीहरूलाई ब्ल्याकलिस्ट*

*गरिने बताइएको छ। यस घटनाले पहाड क्षेत्रमा विगतको सरकार हुँदा विकास परियोजनाको पारदर्शिता तथा कार्यान्वियन प्रक्रिया माथि गम्भीर प्रश्न खडा गरेको छ।*

**<u>प्रतिशत आरक्षित</u>**

पश्चिम बंगाल सरकारले स्वास्थ्य सेवालाई सुलभ र किफायती बनाउने उद्देश्यका साथ राज्यका सबै निजी अस्पताल र नर्सिङ होमहरूमा कम्तिमा १५ प्रतिशत बेड खाँचोमा परेका बिरामीहरूको निम्ती आरक्षित गर्ने निर्णय गरेको छ। हिजो साल्ट लेकस्थित बिधाननगर सब-डिभिजनल अस्पतालमा किशोरीहरूका लागि निःशुल्क ह्युमन प्यापिलोमा भाइरस, एचपीभी खोप कार्यक्रमको शुभारम्भ कार्यक्रममा मुख्यमन्त्रीले यस्तो घोषणा गर्नुभयो। मुख्यमन्त्रीले निजी अस्पताल र नर्सिङ होमहरूमा आरक्षित गरिने यी बेडहरू गरीब बिरामीहरूको निःशुल्क उपचारको लागि प्रयोग गरिने र सरकारी अस्पतालहरूमा बेड उपलब्ध नभएको अवस्थामा प्रयोग गरिने बताउनु भयो।

**<u>पश्चिम बंगाल गिरफ्तारी</u>**

पश्चिम बंगालमा दक्षिण २४ परगना जिल्लाको सोनारपुरमा तृणमूल कांग्रेसका सांसद अभिषेक बनर्जीमाथि हमला गरेको आरोपमा छ जनालाई पक्राउ गरिएको छ।यसमा तृणमूलका पूर्व विधायक लवली मैत्रका नजिकका सहयोगी पनि सामेल छन्। हिजो अभिषेक बनर्जी सोनारपुरमा तृणमूल कांग्रेसको एक दिवंगत कार्यकर्ताको घरमा गएका थिए जहाँ उनले जनताको आक्रोशको सामना गर्न पर्यो। उनीमाथि अण्डा र इँटाले प्रहार गरियो र प्रदर्शनकारीहरूले उनको वाहन घेरे। यसैबीच हुगली जिल्लाको चांदीतलामा तृणमूल कांग्रेसका सांसद कल्याण बनर्जीले पनि हमलाको विरुद्धमा ज्ञापनपत्र बुझाउने क्रममा विरोध प्रदर्शनको सामना गर्नुपर्‍यो। पार्टीले घटनाको क्रममा उनको टाउकोमा चोट लागेको दाबी गरेको छ।

**<u>कपास आयात शुल्क</u>**

सरकारले एक जुन देखि ३१ सम्म अक्टोबर सम्म कपास आयातमा सीमा शुल्कबाट अस्थायी छूट दिने निर्णय गरेको छ। वस्त्र मन्त्रालय अनुसार यो निर्णय कपास किसान र सम्पूर्ण कपास मूल्य शृङ्खलाको हितमा गरिएको हो।

**<u>तंबाकू निषेध दिवस</u>**

आज विश्व तंबाकू निषेध दिवस मनाइँदैछ। यो दिन विश्व स्वास्थ्य संगठनले सुर्तीजन्य पदार्थको प्रयोगलाई पूर्ण रूपमा समाप्त गर्ने उद्देश्यले सुरु गरेको महत्त्वपूर्ण विश्वव्यापी पहलको एक हिस्सा हो। यस वर्षको विषय अपीलको अनावरण निकोटिन र सुर्तीजन्य पदार्थको लतको सामना गर्नु रहेको छ।

**<u>कविता सङ्ग्रह लोकार्पण</u>**

खरसाङकी नारी स्रष्टा एवं शिक्षिका मिना लामा राईद्वारा लिखित पहिलो कृति मौनभित्रको कोलाहल कविता सङ्ग्रह आज खरसाङमा लोकार्पण गरिएको छ। खरसाङको सन्त जोसेफ कन्या उच्चत्तर माध्यमिक विद्यालयमा सम्पन्न पुस्तक लोकार्पण कार्यक्रमको अध्यक्षता वरिष्ठ साहित्यकार विन्ध्या सुब्बाले गरेकी थिइन् भने प्रमुख अतिथिको रुपमा वरिष्ठ साहित्यकार डा. जीवन नामदुङ उपस्थित थिए।

**<u>गोजमुमो पार्टी कार्यालय</u>**

गोर्खा जनमुक्ति मोर्चा सोनादा पचेङ समष्टिको पार्टी कार्यालय आज उदघाटन गरिएको छ। यो पार्टी कार्यालय सोनादाको ग्यारेज लाइनमा उदघाटन गरिएको छ। यस पार्टी कार्यालयको उदघाटन गोजमुमो सोनादा पचेङ समष्टिको कन्भेनर शंकर तामाङ, केन्द्रीय सदस्य कुमार तामाङ लगायत गोजमुमो सोनादा पचेङ समष्टिको पदाधिकारीगण, युवा मोर्चा, नारी मोर्चा लगायत भातृ संगठनका प्रतिनिधिहरुको उपस्थितिमा सम्पन्न भएको छ।

**अनित थापा पञ्चायत समिति**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनका प्रमुख तथा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष अनित थापाले जोरबङ्गलो सुकेपोखरी पञ्चायत समितिका सभापति अनि सदस्यहरू साथै खण्ड अन्तर्गतका सम्पूर्ण ग्राम पञ्चायतका प्रधान लगायत अन्य सदस्यहरूसँग आज भेटवार्ता गर्नु भयो। सामाजिक संजालमा जारि गर्नु भएको एक संदेशमा श्री थापाले राजनीतिक परिवर्तन आउंदा उथुलपुथुल हुनु स्वाभाविक भए तापनि साथमा उभिनु भएको पार्टीका समर्थकहरुलाई नआत्तिनु भनेर अवगत गराउनु भयो।

**भाजयुमो समिति विस्तार**

भारतीय जनता युवा मोर्चाको पेदोङ मण्डल युवा मोर्चालाई अझ सशक्त र संगठित बनाउने उद्देश्यले विस्तार गरिएको छ।

**********